जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २९४ २०८१ साल असार १७ गते सोमबार (1 July 2024 Monday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : डेङ्गु नियन्त्रणमा सबैको जिम्मेवारी ३ पृष्ठमा : वैध कागजातका अभावमा ... ३ पृष्ठमा आकस्मिक हडतालपछि ४० ...

## असई विक हत्या प्रकरणमा पूर्वप्रदेश सांसद पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, १६ असार ।**

सशस्त्र प्रहरी बलका असई थमन विक हत्या अभियोगमा पूर्वप्रदेश सांसद कौशलकुमार यादव पक्राउ परेका छन् ।

फरार रहेका यादवलाई शनिबार राति महोत्तरीको साम्सी गाउँपालिका ५ पोखरीभण्डाबाट पक्राउ गरेको महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी सन्तुलाल जयसवालले जानकारी दिए ।

उनलाई आइतबारै जिल्ला अदालत महोत्तरीमा हाजिर गरिएको छ । लोसपाका नेतासमेत रहेका उनी लामो समयदेखि फरार थिए । उनी २०७४ मा तत्कालीन संघीय समाजवादी फोरमबाट महोत्तरी क्षेत्र नं. ४ (क) मा प्रदेश सांसद निर्वाचित भएका थिए ।

२०७९ को निर्वाचन अघि जसपाले उनलाई पार्टीबाट निष्काशन गरेपछि लोसपाबाट चुनाव लडेका थिए । तर पराजित भए । अदालतमा मुद्दा चलिरहँदा उनी फरार नै थिए ।



**पक्राउ परेका पूर्वप्रदेश सांसद कौशलकुमार यादव**

महोत्तरी जिल्ला अदालतले २८ मंसिरमा असई थमन विक हत्या प्रकरणमा लोसपा मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो ।

एमाले प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो र पुर्पक्षका लागि थुनामा रहेका पवन कापरले सफाइ पाएका थिए । यादवसहित १९ जनाको मुद्दा मुल्तवीमा राखिएको थियो ।

मधेश आन्दोलनका क्रममा २५ भदौ २०७२ मा महोत्तरीमा सशस्त्र प्रहरी बलका असई थमन बिकको हत्या भएको थियो । उक्त मुद्दामा २८ साउन २०७५ मा महोत्तरी जिल्ला अदालतमा २८ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो ।

## देशभित्रबाटै लोकतन्त्र समाप्ती पार्ने खतरा बढेको छ : अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ असार ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशभित्रबाटै लोकतन्त्र समाप्ती पार्ने खतरा बढेको दाबी गरेका छन् ।

आइतबार नेकपा एकीकृत समाजवादीको दशौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले यस्तो दाबी गरेका छन् ।

'लोकतन्त्रको खतरा बाहिरबाट होइन, लोकतन्त्रको समप्ती हुने खतरा भित्रैबाट छ,' यादवले भने, 'तपाईंहरूले जसरी बाहिरको खतरा हटाउन भूमिका खेल्नुभयो, अब भित्रबाट पनि बचाउन लाग्नुपर्ने बेला भएको छ ।'




साथै, उनले समावेशी लोकतन्त्रको युग भएको भन्दै अहिलेका नियुक्तिमा एकल जातीय वर्चश्व लादिएको बताए। 'अनि कसरी लोकतन्त्र बलियो हुन्छरु' उनले प्रश्न गरे ।

एकीकृत समाजवादीको महाधिवेशनले देशका समस्या केलाएर मुलुकलाई निकास दिनेगरी अघि बढ्नुपर्ने बताए ।

## कोरोना भाइरसविरुद्धको खोप ल्याइयो

काठमाडौं, १६ असार (रासस) ।

सरकारले कोरोना भाइरसको कोरोनाविरुद्ध खोप ल्याएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको फाइजरको 'मनोभ्यालेन्ट' खोप आइतबार कतार एयरवेजमार्फत ल्याएको हो ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले आइतबार ४६ हजार ८० हजार मात्रा खोप

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

## मेरील्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत २१ वर्षदेखी देशभरीका ७००० (सात हजार) भन्दा बढी कलेज मध्येबाट लगातार **Top Ten** मा पर्न सफल साथै यस पल्ट राष्ट्रिय स्तरमै नेपालको **७ औं** स्थानमा पर्न सफल यस मेरील्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा बिनम्र अनुरोध छ ।

प्रवेश परिक्षा
मिति : २०८१/३/२० गते बिहीबार

**मेरील्याण्ड कलेज**
रंगेली रोड, बिराटनगर
सम्पर्क नं. : ०२१ ५७५२७५, ५१५५४०, ५७६८३६, ५७०४९२
मो. नं. ९८५२०२०३३६

## CTEVT बाट मान्यता प्राप्त जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### सांकेतिक बोर्ड लगाऔं

कुनै पनि सार्वजनिक स्थानमा निर्माण सम्बन्धी कार्य गर्दा सांकेतिक बोर्ड लगाउने नियम रहे पनि अहिले सो नियम कागमै रहेको छ । विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा सूचनाको हकबाट बञ्चित हुने गरिन्छ । सांकेतिक बोर्ड लगाउनुको मुख्य उद्देश्य उक्त कार्य सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक गर्नु हो ।

त्यत्तै सडक, नालाको कार्यमा सो बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना समेत बढ्न जान्छ । कुनै पनि स्थानमा सडक, नाला तथा ढल निर्माणका कार्यहरु भइरहेको विषयमा निर्माण कम्पनीले त्यस्ता बोर्ड लगाउनु आवश्यक हुन्छ । ती सांकेतिक बोर्ड लगाउनुको उद्देश्य यातायातका साधन, पैदल वा साइकल यात्रीले गति न्युन गरेर गन्तब्यतर्फ जानु हो । विभिन्न स्थानमा साना ठूला खाल्डा हुने गर्छन् जसकारण बाटो नै बन्द गर्नु पर्ने अवस्था आउछ । तर, कुनै पनि स्थानमा निर्माण कार्य भइरहदा बाटो निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन् ।

सूचनाको हक सुनिश्चितता गराउन र सम्बन्धित कार्यको जानकारी गराउने उद्देश्यले ती सांकेतिक बोर्डको आवश्यक पर्छ । तसर्थ यसका लागि सबै सरोकारवाला निकाय गम्भिर हुनु आवश्यक छ ।

# डेङ्गु नियन्त्रणमा सबैको जिम्मेवारी आवश्यक : निर्देशक घिमिरे

काठमाडौं, १६ असार (रासस) । डेङ्गु रोग डेङ्गी भाइरसबाट सङ्क्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा ( इडिसिडी)को पछिल्लो तथ्याङ्कअनुसार यही जुन १ देखि २८ सम्म ७२ जिल्लामा डेङ्गु सङ्क्रमण पुगिसकेको अवस्था छ । डेङ्गु सङ्क्रमणको अवस्था, रोकथाम तथा नियन्त्रणमा सरकारको तयारी लगायतका विषयमा इडिसिडीका निर्देशक डा यदुचन्द्र घिमिरेसँग राससकर्मी बुनु थारुले गरेको कुराकानीको सम्पादित अंश :

**डेङ्गु देखिन सुरु भइसकेको छ, अहिले सङ्क्रमणको अवस्था के छ ?**

-नेपालमा पहिलोपटक सन् २००४ मा डेङ्गु देखिएको हो । पछिल्लो ट्रेन्डअनुसार दुई तीन वर्षमा महामारीका रूपमा देखिँदै आएको छ । डेङ्गु सङ्क्रमित लामखुट्टेका माध्यमबाट स्वस्थ्य मानिसलाई टोक्दा यो रोग सर्छ । पानी पर्न सुरु भएसँगै अब सङ्क्रमणको सम्भावना पनि सुरु भइसक्यो । हाल तथ्याङ्क हेर्दा भने ७२ वटा जिल्लामा एक हजार तीन सय ४४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको छ ।

**विशेषगरी डेङ्गु कहिलेदभ¶ खि बढी देखिने गर्दछ ?**

-जुनबेला तापक्रम बढ्छ, पानी पर्छ, अनि पाँच सात दिन पानी जम्मा भएर लामखुट्टेको जीवनचक्र पूरा भएपछि त्यो लामखुट्टेको सङ्ख्या बढी हुन्छ । जब मनसुन अगाडि बढ्छ त्यसरी नै सङ्क्रमण बढ्ने हो । लगातार पानी परिराख्यो भने सङ्क्रमण त्यति बढ्न पाउँदैन किनकी पानी एकै ठाउँमा जम्मा भइरहने अवस्था हुँदैन । नेपालमा असारदेखि कात्तिकसम्म डेङ्गु सङ्क्रमणको सम्भावना बढी हुन्छ ।

**दुई तीन वर्षको अन्तरालमा महामारी देखिने भन्नुभयो ? तर २०२२ मा ८८ जना र २०२३ मा डेङ्गुले २० जनाको ज्यान लियो, यस वर्ष महामारीको सम्भावना कस्तो रहन्छ ?**

-केही अघिल्ला वर्षको ट्रेन्ड हेर्दा दुई तीन वर्षको अन्तरालमा देखिन्छ । तर त्यो समग्रमा भनेको होइन । जस्तो कुनै ठाउँमा पहिले नै महामारी फैलिसकेको छ भने अर्को पटक त्यहाँ देखिन नसक्ला । तर हामीले रोकथामका उपायहरू कति अपनाउछौँ भन्ने विषय पनि जोडेर हेर्नुपर्छ जस्तो लाग्छ । कुन ठाउँमा बढी देखिन सक्छ भनेर 'म्यापिङ' गरेका छौँ । कसैलाई लक्षणरहित पनि डेङ्गु देखिन सक्छ । लक्षण देखिएर समस्या भएपछि जाँच गराउन आउने हुन्छन् त्यसैले पनि सबै सङ्क्रमितको सङ्ख्या गणना हुँदैन । डेङ्गुका पाँच वटा प्रकार हुन्छन् । पहिला एउटा देखिसक्यो भने अर्को पटक अर्के प्रकार देखिन सक्छ जुन घातक हुन सक्दछ ।

**डेङ्गु नियन्त्रण रोकथामका लागि कस्तो तयारी भएको छ ?**

-लामखुट्टे नियन्त्रण गर्न सचेतना फैलाउन उत्तिकै महत्वपूर्ण छ । नियन्त्रण गर्न कस्ता उपयाहरू अपनाइरहेका छौँ भन्ने मुख्य विषय हो ? सचेतनाका कुरा हेर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अपिल गरिरहेको छ । हामीले पनि विभिन्न माध्यमबाट सचेतना फैलाइरहेका छौँ । सातै वटा प्रदेशका सचिवहरू तथा स्वास्थ्य निर्देशनालयसँग विभिन्न अभियानकालागि छलफल भएको छ । स्थानीय निकायले लामखुट्टेको बासस्थान 'खोज्ने र नष्ट' गर्ने अभियानमा बढी जोड दिनुपर्छ । साथै टायर, गमलाको फुलदानीमा जमेका पानी हटाउनेलगायतका कुराहरू पनि छन् । यस्ता यावत अभियान सञ्चालन गर्नका लागि स्थानीय तहसम्म पुग्ने गरी प्रदेशसँग समन्वय गरेका छौँ । बिरामी भएपछि जति छिटो उपचार भयो सर्ने सम्भावना कम हुन्छ । उपचारमा पनि कमी हुन दिने छैनौँ । विज्ञहरूसँग छलफल गरेर अगाडि कसरी बढ्ने भन्न विषयमा पनि राय लिने काम पनि गरिरहेका छौँ । समन्वयात्मक तरिकाले अगाडि बढिरहेका छौँ । डेङ्गु मात्र नभई अरु किटजन्य रोगहरूमा पनि हामीले नियमित अभियान सञ्चालन गरि नै रहेका छौँ ।

**डेङ्गु परीक्षणका लागि किटको उपलब्धता कत्तिको छ ?**

-किटको कुरा गर्दा सबैलाई परीक्षण गरेर सकिँदा पनि सकिँदैन । लक्षण देखिएपछि मात्र परीक्षण गर्न आउने हुन्छन् । सबै स्वास्थ्य संस्थामा आवश्यकताअनुसार किट पठाएका छौँ । अभाव भयो भने खरिद प्रक्रियाबाट पनि हामी पूरा गर्छौं ।

**डेङ्गु नियन्त्रणमा कसको बढी जिम्मेवारी छ ?**

-हाल ७२ जिल्लामा डेङ्गु पुगिसकेको हुँदा आउदा दिनमा सङ्क्रमण बढ्ने सम्भावना अधिक नै छ । खोज र नष्ट गर्ने  अभियान, र्‍यापिड रेस्पोन्स टिम, प्रदेश र स्थानीय तहसँगको पनि सजगकताका हिसाबले यस वर्ष महामारी नियन्त्रण गर्ने सकिँदैन भन्ने होइन । बढ्दै जान सक्ला तर बिरामीको सङ्ख्या ह्वात्तै बढ्ने र मृत्यु हुने गरी उपचार गर्ने नसकिने अवस्थामा नपुगौँला भन्ने अपेक्षा गरेका छौँ । तयारी पनि गरेका छौँ । नीतिगत र लजिस्टिकका कुरामा सङ्घको बढी महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनमा प्रदेश र स्थानीय तहको भूमिका बढी रहन्छ । स्थानीय तहले खोज र नष्ट अभियानमा बढी केन्द्रित रहनुपर्छ । बजेट जहाँजहाँ समस्या बढी हुन्छ भनेर म्यापिङ गरेर सोहीअनुसार बजेट पनि गएको छ । समन्वयात्मक हिसाबले काम अघि बढाएका छौँ ।

**डेङ्गु नियन्त्रणमा तीन तहको समन्वय अभावले रोकथाम हुन नसकिरहेको हो त ?**

-एउटाले अर्कालाई दोष दिने कुरा पनि गर्नुहुन्न । हाम्रो जिम्मेवारी समन्वयात्मक हिसाबले जति सकिन्छ गर्ने हो । स्थानीय तहसँग जोड्न पुलका हिसाबमा प्रदेशको भूमिका धेरै हुन्छ । सङ्घबाट हामी महामारी र आपतकालीन अवस्थामा रेस्पोन्स गर्ने जिम्मा इडिसिडीको भएको हुनाले हामीले सातवटै प्रदेशको मन्त्रालय र निर्देशनालयसहित जिल्ला पनि समन्वय गरेर समीक्षा गरेका छौँ । रिपोर्ट ल्याउने कुरामा पनि निरन्तर संवाद हुन्छ । हरेक हप्ता छलफल गरिरहेका छौँ । रिपोर्टिङ पनि नियमित आउँछ भनेर आशावादी छौँ । हरेक पक्षबाट समन्वयलाई गर्न सक्यौँ भने स्वास्थ्य प्रणालीको विकास गर्न सक्छौँ ।

**डेङ्गुबाट बच्न के मा ध्यान पुऱ्याउनुपर्छ ?**

-म सुरक्षित छु, मेरो घर सफा छ, पानी पनि त्यस्तो छैन भनेर सुरक्षित भएर ढुक्क बस्नु हुँदैन । वातावरणमा भएका 'रिस्क फ्याक्टर' जस्तै बट्टा, टायर, गमलाका फुलदानी, पातमै पानी जम्मा भएर लामखुट्टेले अण्डा पार्न सक्छ । सबैले मिलेर सरसफाइ नियमित गरौँ । परिवारका सदस्यले पनि आफ्नो घरमा नियमित सफाइ गरौँ । अव्यवस्थित सहरी ठाउँमा यसको झन् बढी जोखिम छ । लामखुट्टे घरभित्र नजान दिन जाली, झुलको प्रयोग गर्न सकिन्छ । बाहुला पूरा भएको लुगा लगाउँदा लामखुट्टेले टोक्ने सम्भावना कम हुन्छ । बिहान र साँझ बढी टोक्ने भएकाले सजग रहनुपर्छ । व्यक्तिगत हिसाबमा सबैले जोगिँदा पनि समुदाय जोगिन सक्छ । डेङ्गुबाट बच्नका लागि लक्षण पनि थाहा पाउनुपर्ने हुन्छ । ज्वरो, टाउको दुख्ने, आँखाको गेडी निस्केला जस्तो हुने, हड्डी भाँचिएला जस्तो हुनेलगायत लक्षण देखिन सक्छन् । जटिल भएको खण्डमा स्वास्थ्य संस्था गइहाल्नुपर्छ । राजनीतिकर्मी, के शिक्षक, विद्यालय, सामाजिक अगुवा, सर्वसाधारण सबैको डेङ्गु नियन्त्रणमा भूमिका हुन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
रुपनी गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# वैध कागजातका अभावमा मलेसियामा धेरै नेपाली बन्दी

काठमाडौं, १६ असार (रासस)।

वैध कागजातका अभावमा मलेसियामा धेरै नेपाली आप्रवासी श्रमिक पक्राउ परेका अध्ययन प्रतिवेदनले देखाएको छ।

प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी), सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम) र शोसल साइन्स बहाःको एक अध्ययनले मलेसियामा विभिन्न कारणले कारागार चलान भएका नेपाली आप्रवासी श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेको देखाएको हो।

कैदमा रहेकामध्ये कागजपत्रसम्बन्धी ६१ प्रतिशत, सहकर्मी वा रोजगारदातासँग झगडाका आठ प्रतिशत र आपराधिक गतिविधिसम्बन्धी कारणले तीन प्रतिशत श्रमिक पक्राउ परेका अध्ययनले देखाएको छ।

पिएनसीसीले आइतबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी 'मलेसियामा ठगी, गिरफ्तारी र थुनामा रहेका नेपाली आप्रवासी श्रमिक' बारे अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो। अध्ययनले पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ व्यक्तिका मुद्दाको विश्लेषण गरेको थियो। मलेसियामा नेपाली श्रमिकलाई आप्रवासनको यात्रा अझै पनि जोखिमपूर्ण र शोषणपूर्ण हुने गरेको अध्ययनले देखाएको छ।

**कैदमा पर्नुका कारण**

रोजगारीका लागि मलेसिया पुगेका नेपाली मुख्यतया कागजातसम्बन्धि समस्या रहेको छ। कैदमा पर्ने ६१ प्रतिशत आवश्यक कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका छन्।

कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका ८० प्रतिशत श्रमिक अनुमतिपत्र बाँधिएको रोजगारदाताकहाँबाट भागेको र त्यस कारण वैध भिसा वा काम गर्ने अनुमतिपत्र नभएकाले नौ प्रतिशत श्रमिक कैद परेका हुन्। नेपालका एजेन्ट वा भर्ना एजेन्सीबाट ठगिएर कागजपत्रविहीन भएर कैद पर्ने तीन प्रतिशत थिए। यस्तै राहदानी वा परिचयपत्र नभएकाले कैदमा पर्नेको सङ्ख्या एक प्रतिशत रहेको थियो। कतिपय अवस्थामा रोजगारदाताले राहदानी कागजपत्र नवीकरण नगर्दा श्रमिकलाई सास्ती हुने गरेको छ।

सार्वजनिक स्थानमा हिँडडुल गर्दा केही कारण प्रहरीले पक्राउ गरे आवश्यक परिचयपत्र र राहदानी देखाउन नसक्ने श्रमिकसमेत कैद परेका छन। रोजगारदातालाई पक्राउबारे जानकारी नहुँदा लामो समय श्रमिक कैदमा परेका मुद्दा पनि छन्।

यस्तै, आफ्ना सहकर्मी वा रोजगारदातासँग झगडा गरेर कैद पर्ने नेपाली आप्रवासी श्रमिक आठ, आपराधिक गतिविधिका कारण तीन, हत्या, चोरी, अवैध लागूऔषध बेच्ने, सेवन गर्ने, नक्कली मदिराको बिक्री, जुवा र अपहरणको मुद्दामा कैदमा पर्ने नेपाली श्रमिक धेरै सङ्ख्यामा रहेका अध्ययनमा उल्लेख छ।

अध्ययनअनुसार कैदभित्र पनि नेपाली आप्रवासी ठगिमा पर्छन्। न्यायका लागि सञ्चारसम्म पहुँच नहुने र सहयोग कहाँबाट लिने भन्ने जानकारी नहुने धेरैले कैदमुक्त गर्ने आश्वासनमा ठगिएका छन्।

अध्ययनका क्रममा पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ जना कैदमा परेका श्रमिकको तथ्याङ्क विश्लेषण र त्यसमध्ये १३ जनासँग अन्तर्वार्ता गरिएको थियो।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार सन् २०२२/२३ मा मलेसियाका लागि दुई लाख १९ हजार तीन सय ५७ जनाले नयाँ श्रम स्वीकृति लिएका थिए। मलेसिया जाने श्रमिकमध्ये अधिकांश मधेश, लुम्बिनी र कोशी प्रदेशका रहेका छन्। त्यहाँ उत्पादन क्षेत्रमा सबैभन्दा बढी ६६ दशमलव छ प्रतिशत, प्राथमिक पेशा, कृषि, चालक, मेसिन अप्रेटरलगायत क्षेत्रमा श्रम गर्दै आएका छन्।

सन् २००८ देखि २०२२ सम्म मलेसियामा तीन हजार पाँच सय १९ जना नेपाली श्रमिकको मृत्यु भएको अध्ययन प्रतिवेदनले देखाएको छ।

**नेपाली श्रमिकले किन छाड्छन् कम्पनी ?**

धेरैजसो आप्रवासी श्रमिकले शोषणकारी रोजगार र रोजगार करारसँग सम्बन्धित समस्याका कारण रोजगारदाता एवम् कम्पनी छोड्ने गरेका छन्। सम्झौताअनुसार काम र सुविधा उपलब्ध नहुँदा रोजगारदाता वा कम्पनी छोडने श्रमिक ५७ प्रतिशत छन्। उनीहरुले सम्झौताभन्दा कम ज्याला र ज्याला चोरीका कारण कम्पनी छोडने गरेको देखिएको छ। रोजगारदातासँगको झगडा, विवाद र अन्यत्र बढी कमाइ हुने अपेक्षाले पनि श्रमिकले कम्पनी छाडने गरेका अध्ययन प्रतिवेदनमा उल्लेख छ।

**भर्ना प्रक्रियामा समस्या**

पिएनसीसीले गुनासो दर्ताको समयमा ७२ दशमलव पाँच प्रतिशत श्रम स्वीकृति नभएको देखिएको उल्लेख गरेको छ। कुल ९७ दशमलव छ प्रतिशतसँग गन्तव्य देशको कागजात अर्थात रोजगार स्वीकृति, भिसा र बसोबास परमिट नभएको पाइएको थियो।

यस अध्ययनले श्रमिकले अझै पनि अत्यधिक भर्ना शुल्क तिर्दै आइरहेको देखाएको छ। पिएनसीसीमा सन् २०२० र २०२३ का बीच मुद्दा दर्ता गर्ने मलेसिया गएका ५० प्रतिशत नेपाली आप्रवासी श्रमिकले रु एक लाखदेखि दुई लाखसम्म भर्ना शुल्कवापत तिरेको पाइएको छ।

अध्ययनअनुसार झण्डै ८४ प्रतिशत आप्रवासी श्रमिक मलेसिया आप्रवासनका लागि वैदेशिक रोजगार व्यवसायीमा ( म्यानपावर कम्पनि) भरपर्ने गरेको देखाएको छ। त्यसका साथै करिव १५ प्रतिशत आप्रवासी श्रमिक व्यक्तिगतरूपमा वा आफन्त वा एजेन्टमार्फत मलेसिया पुगेका छन्।

**प्रतिवेदनको सुझाव**

सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीको घर फिर्तीमा सहजीकरणका लागि गर्दै आएको प्रयास प्रयाप्त नभएको अध्ययनले देखाएको छ। त्यसैले सरकारले अप्ठ्यारामा परेका, काजगपत्र, जेल तथा घरफिर्ती केन्द्रमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्काउन कार्ययोजनासहित काम गर्न सुझाव दिएको छ। नेपाली आप्रवासी श्रमिकको सफ्ट सीपमा अभिवृद्धि र स्वदेश फिर्ता भएका आप्रवासी श्रमिकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनसमेत प्रतिवेदनले सुझाएको छ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी


## विश्व समाचार

### आकस्मिक हडतालपछि ४०० भन्दा बढी उडान रद्द

टोरन्टो, क्यानडा, १६ असार (रासस/एपी)।

क्यानडाको एयरलाइन वेस्टजेटले मेकानिक्स युनियनको आकस्मिक हडतालपछि ४०० भन्दा बढी उडानहरू रद्द गरेको छ।

क्यानडाको दोस्रो ठूलो वायुसेवा कम्पनी वेस्टजेटले ४९ हजार यात्रुप्रभावित हुने गरी ४०७ उडान रद्द भएको जनाएको छ।

एयरलाइन प्रशासन 'युनियनसँग वार्ता गर्न अनिच्छुक' भएको कारण एयरक्राफ्ट मेकानिक्स फ्रेटरनल एशोसिएसनले आफ्ना सदस्यहरूले शुक्रबार साँझदेखि हडताल सुरु गरेको र यो अपरिहार्य भएको बताएको छ।

संघीय सरकारले बिहीबार बाध्यकारी मध्यस्थताका लागि मन्त्रीस्तरीय आदेश जारी गरेपछि अन्तर्राष्ट्रिय र आन्तरिक उडानप्रभावित हुने गरी आकस्मिक हडताल भएको हो। त्यसपछि नयाँ सम्झौताका लागि युनियनसँग दुई हप्तासम्म चलेको अशान्त छलफलपछि यस्तो भएको हो।

वेस्टजेटले सोमबार क्यानडा डेमा समापन हुने लामो सप्ताहन्तका लागि आइतवारसम्म विमान पार्किङ जारी राख्ने जनाएको छ। एयरलाइन्ससँग करिब २०० वटा जहाज छन् र आइतबार साँझसम्ममा करिब ३० वटा उडान भर्ने कम्पनीले जनाएको छ।

### उत्तरी गाजामा तेस्रो दिन पनि भिडन्त, हजारौं विस्थापित

गाजा, १६ असार (रासस/एएफपी)।

इजरायली सैन्य अभियानको तेस्रो दिन उत्तरी गाजामा विस्फोट, हवाई आक्रमण र बन्दूकको गोलाबारीले दशौं हजार प्यालेस्टिनीलाई विस्थापित गरेको छ।

संयुक्त राष्ट्रसङ्घले यस क्षेत्रमा 'असह्य' रहनसहनको अवस्थालाई जटिल बनाएको छ। एएफपीका एक संवाददाताले गाजा शहर नजिकैको शुजैया क्षेत्रमा व्यापक हवाइ आक्रमण र विस्फोट भएको बताए। एक स्थानीयले सडकमा शवहरू देखिएको बताएका छन्।

हमास र प्यालेस्टाइनी लडाकू समूह इस्लामिक जिहाद दुवैका सशस्त्र शाखाले त्यहाँ इजरायली सेनासँग जारी लडाइँमा संलग्न रहेको बताएका छन् ।इजरायली सेनाले शुजैयामा 'जमिनमाथि र तल' भएको भिडन्तमा ठूलो सङ्ख्यामा लडाकूको मृत्यु भएको जनाएको छ।

'दर्जनौं आतङ्कारी' मारिएको र हतियार, ड्रोन र अवलोकन चौकीका साथै लामो दूरीको रकेट लन्चर र टनेल शाफ्ट फेला परेको सेनाले जनाएको छ।

शनिबार उत्तरी गाजामा भएको भिडन्तमा दुई सैनिकको मृत्यु हुनुका साथै दुई जना गम्भीर घाइते भएको सेनाले जनाएको छ ।इजरायलले उत्तरमा हमास लडाकूको कमाण्ड संरचना ध्वस्त भएको घोषणा गरेको केही महिनापछि यस क्षेत्रमा लडाइँको पुनरुत्थान भएको हो।

गत आइतबार इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले युद्धको 'तीव्र चरण' करिब नौ महिनापछि अन्त्य हुन लागेको बताउनुभएको थियो।

गाजा द्वन्द्वका कारण लेबनानसँग जोडिएको इजरायलको उत्तरी सीमामा पनि तनाव बढेको छ। यसका कारण इरानले शनिबार इजरायलले लेबनानमाथि आक्रमण गरेमा 'नामेट पार्ने' युद्ध हुने चेतावनी दिएको छ।

अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको आक्रमणमा परी एक हजार २०० भन्दा बढीको मृत्यु भएको एएफपीले इजरायली तथ्याङ्कलाई उद्धृत गरी उल्लेख गरेको छ।

लडाकूले गाजामा रहेका ११६ जना बन्धकहरूलाई पनि कब्जामा लिएका छन्, यद्यपि सेनाले ४२ जनाको मृत्यु भएको बताएको छ।

हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार इजरायलले गरेको जवाफी कारवाहीमा कम्तीमा ३७ हजार ८३४ जनाको मृत्यु भएको छ।

### पाकिस्तान र इरानबाट तेह्र हजारभन्दा बढी अफगानी आप्रवासी फिर्ता

इस्लामाबाद (पाकिस्तान), १६ असार (रासस/एएनआई)।

इरान र पाकिस्तानबाट गत हप्ता १३ हजार ४४७ जना अफगानी आप्रवासीलाई स्वदेश फिर्ता पठाएको द खामा प्रेसले जनाएको छ।

तालिबान नेतृत्वको मन्त्रालयका अनुसार महिला र बालबालिकासहित कुल शरणार्थीमध्ये १० हजार २२५ लाई इरानबाट र तीन हजार २२२ लाई पाकिस्तानबाट फिर्ता गरिएको थियो। अफगानी आप्रवासीहरू तोरघुन्डी, स्पिन बोल्डक, इस्लाम काला र मैत्री पुल जस्ता सीमाबाट अफगानिस्तान फर्केको मन्त्रालयले विस्तृत जानकारी दिएको छ।

हालैका महिनामा पाकिस्तान र इरानबाट अफगान आप्रवासीहरूको फिर्ती तीव्र रूपमा बढेको छ। दुवै देशले उचित आवासीय कागजात नभएकाहरूलाई अफगानिस्तानमा फिर्ता पठाएको दाबी गरेको द खामा प्रेसले जनाएको छ।

केही निर्वासित आप्रवासीहरूले वैध निवास कागजातहरू भए पनि उनीहरूलाई प्रहरीले हिरासतमा लिएको र जबरजस्ती अफगानिस्तान फिर्ता गरेको आरोप लगाएका छन्। धेरै अफगान आप्रवासीहरूले आफ्नो शिविरमा इरानी प्रहरीले दुर्व्यवहार गरेको उदाहरणसहित दस्तावेज तयार पारेका छन्।

पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले यसअघि अफगानिस्तानसँगको सिमानामा अन्तर्राष्ट्रिय कानुन कडाइका साथ लागु गर्ने इच्छा व्यक्त गर्नुभएको थियो।

यी घटनाक्रमहरू बिच, अफगानिस्तानले हजारौं आप्रवासीहरूको जबरजस्ती फिर्तीबाट बढेको गम्भीर मानवीय संकटको सामना गरिरहेको छ। यो अवस्थाले अफगानी शरणार्थीहरूको अधिकार र सुरक्षाको रक्षा गर्न जारी मानव अधिकारको उल्लङ्घन र चुनौतीहरूलाई प्रकाश पार्छ।

# ‘तराई मधेसका लागि चुरे क्षेत्र बाँच्ने आधार’

मोरङ, १६ असार (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले तराई मधेसका लागि चुरे क्षेत्र जीवनको बाँच्ने आधार भएको बताउनुभएको छ ।

राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ, सलकपुर मोरङद्वारा आइतबार विराटनगरमा आयोजित चुरे संरक्षण प्रदेशस्तरीय स्रोत परिचालन तथा समन्वय समितिको प्रथम संयुक्त बैठकको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले चुरे क्षेत्रमा रहेका खोला, नदीका ढुङ्गागिट्टी जथाभावी निकासी भइरहेकामा त्यसको रोकथाम गरी जलवायु, वातावरणमा पर्ने असरलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

“चुरे क्षेत्रको विनाशबाट समाज एवं समुदायमा पर्ने असरका सम्बन्धमा तराई क्षेत्रका नागरिकलाई सचेत गर्न जरुरी छ”, उहाँले भन्नुभयो । प्रदेश र स्थानीय तहले खोला र नदीको अनुगमन गर्न आवश्यक भएकामा मुख्यमन्त्री कार्कीले जोड दिनुभयो । कानुन बनाएर जिल्ला समन्वय समितिलाई चुरे क्षेत्रको संरक्षणको जिम्मा दिनुपर्ने उहाँले सुझाव दिनुभयो । मुख्यमन्त्री कार्कीले ‘चुरेको माटो चुरेलाई, चुरेको पानी तराईलाई’ भनाइ चरितार्थ गर्न सबैको दायित्व तथा कर्तव्य भएको उल्ले गर्नुभयो ।

पर्यटन, वन तथा वतावरणमन्त्री एवं चुरे संरक्षण प्रदेश स्रोत परिचालन समितिका संयोजक नारायण मगर (बुर्जा)ले खोला नदीको खनिज पदार्थको अवैध चोरी-निकासी नियन्त्रण गरी तराई मधेसलाई मरभूमि हुनबाट जोगाउनुपर्ने बताउनुभयो ।

सो अवसरमा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले चुरे संरक्षणमा तीन तहबीच समन्वय तथा सहकार्यको आवश्यकता, चुरे संरक्षण प्रदेश स्रोत परिचालन समितिकी सहसंयोजक डा सुस्मिता ढकालले चुरे संरक्षणसम्बन्धी विधेयकको मस्यौदा र कार्यक्रम कार्यान्वयन इकाइ सलकपुर मोरङका निमित्त कार्यालय प्रमुख काशी यादवले ‘नेपालमा चुरे क्षेत्रको विद्यमान अवस्था र संरक्षणका प्रयासहरू’ विषयक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा मोरङ, सुनसरी, इलाम, सिरहा, सप्तरी, झापा र उदयपुरका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, डिभिजन वन कार्यालयका प्रमुखहरू र स्थानीय तहका प्रमुखको सहभागिता रहेको छ ।

# विपदमा परेकाको उद्धारमा ध्यान दिन सरकारको ध्यानाकर्षण

काठमाडौँ, १६ असार (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले प्राकृतिक विपद्मा परेकाहरुलाई राहत वितरण र उद्धारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सभाको आकस्मिक समयमा सांसद देवेन्द्र पौडेलले बाग्लुङ गलकोट नगरपालिका-८ काँडेबासका प्रेम विक र वसन्ती विकले बाढीमा पुरिएर मृत्यवरण गर्नु परेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले स्याङ्जा र गुल्मीमा बाढीपहिरोको कारण पछिल्लो चार दिनमा ३० जनाको ज्यान गएको समेत उल्लेख गर्नुभयो । “बाढी पूर्वानुमान महाशाखाले बाढीको जानकारी मात्रै दिएर पुग्दैन, पीडित घाइतेहरुलाई राहत र उपचारको व्यवस्था पनि गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

सांसद चन्द्रकान्त भण्डारीले गुल्मीको मालिका गाउँपालिका-६ मा एउटै परिवारका पाँचजनाको परिवारले ज्यान गुमाउनु परेको उल्लेख गर्दै प्राकृतिक प्रकोपको जोखिममा परेकाको उद्धार छिटो र छरितो हुनुपर्नेमा जोड दिनुभयो ।

### कोरोना भाइरसविरुद्धक ...

ल्याइएको जानकारी दिनुभयो । नेपालमा गत जेठमा नयाँ भेरियन्ट ‘केपी १’ ‘केपी २’ ‘केपी ३’ र ‘केपी४’ देखिएसँगै सरकारले खोप ल्याएको हो ।

उहाँले आइतबारदेखि नियमित रूपमा पाँच दिनसम्म कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याइने बताउनुभयो । उहाँले उक्त खोप विदेश जाने, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस, दीर्घरोगी, ज्येष्ठ नागरिक, गर्भवती र स्वास्थ्यकर्मीलाई लगाइने बताउनुभयो । खोप ग्लोबल अलायन्स फर व्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)को अनुदानमा ल्याइएको हो । सरकारी अस्पतालमा अहिले पनि कोरोना भाइरसविरुद्धको खोप लगाउने गरिन्छ ।


## वीमा लेख नं. हराएको सूचना

राजविराजदेखी तिलाठीतर्फ जाँदै गरेको अवस्थामा २०८१ साल बैशाख २५ गते मेरो वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१२३२८८०२ मा सम्पर्क गर्नुहोला ।

**नाम : मोनिका ठाकुर**
**ठेगाना : तिलाठी ५, सप्तरी**
**बीमा लेख नं. : २५२२२०९४७**



## कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्तै जरुरी सूचना

मिति : २०८१/०३/१७

यश प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यश सहकारी संस्था संग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छ्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सुचनाद्धारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्छ्यौट गर्न गराउनको लागी सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्धारा जानकारी गराईन्छ । अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यश संस्था संग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

| ऋणीको विवरण | | | | |
|---|---|---|---|---|
| ऋणीको नाम : मो.जुबैर अंसारी | गा.बि.स. | वार्ड न. | किता न. | क्षेत्रफल |
| बाबुको नाम :इलियाश अंसारी | बिसहरिया | ९ | ९६९ | ०-१-१७.५-० |
| बाजेको नाम : हनिफ अंसारी | बिसहरिया | ९ | ९६८ | ०-१-१७.५-० |
| ठेगाना : राजविराज नगरपालिका वार्ड न.०४ सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२ / ५२११११२**



## बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी**



## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*